

# अध्याय -१३

## पुनरूत्थान हुनुभएको प्रभु

*यस अध्यायका मुख्य पदहरू:* मर्कूस १५:४२-४७, मर्कूस १६, कलस्सी २:१०-१२, १ कोरन्थी १५:१-८, दानिएल ९:२४-२७, यूहन्ना २०:११-१८।

***यस अध्यायको मूल सार पद:*** **"तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर।" मर्कूस १६:६।**

येशूलाई क्रूसमा टाँगिन्दा उहाँका चेलाहरूका आशा र विश्वासमै मृत्युको घण्टा बजेको थियो। ती तीन दिन तिनीहरूको निम्ति अन्धकारको समय थियो। येशूको मृत्युले तिनीहरूको दिमागमा भयङ्कर द्वन्द्व मात्र चलिरहेको थिएन तिनीहरूको आफ्नै ज्यानको सुरक्षा प्रति भयाभव भइरहेको थियो (यूहन्ना २०:१९)।

मर्कूसको सुसमाचारको अन्तिम १६ अध्यायमा येशूको मृत्यु पछि के भयो सो को बारेमा हामी नियाल्नेछौं।

प्रथमतः येशूको पुनरुत्थानको समयलाई हेर्नेछौं र स्त्रीहरू आइतबार बिहान चिहानमा किन आए त्यसको छलफल गर्नेछौं। कतिपय एडभेन्टिस्टहरूले येशूको पुनरुत्थानको दिनको बारेमा छलफल गर्न हच्किन्छन् किनभने यो दिनमा इसाई भनाउँदाहरूले पवित्र दिन हो

भनेर गलत व्याख्या गरेको कारणले। तर आइतबारमा नै येशू पुनरुत्थान हुनुभएकोले त्यो दिनलाई हर्षोउल्लास मान्न सक्छौं। आइतबारलाई गलत धारणा राखेर संसारका मानिसहरूलाई बहकाएतापनि हामी त्यो दिनलाई उल्लेखनीय नै भनेर स्वीकार गर्नेछौं।

दोस्रोमाः मर्कूस १६ को पहिलो पदको बारेमा व्याख्या गर्नेछौं। यो पद मर्कूसको सारा पुस्तकको विषयवस्तुसँग कसरी गाँसिएको छ सो हेर्नेछौं। यस अध्यायको दोस्रो र तेस्रो भागमा त्यो विषयलाई नियाल्नेछौं।

तेस्रोः चौथौं र पाँचौ भागमा मर्कूस १६को बाँकि छलफल गर्नेछौं। प्रत्येक येशूभक्तको जीवनको लक्ष के हो र के हुनुपर्छ भनेर हामी सोच्न पुग्नेछौं। पाठक वर्गलाई सारा संसारमा सुसमाचार सुनाउन चुनौती दिँदै मर्कूसको पुस्तकको अध्ययनलाई हामी समाप्त गर्नेछौं।

## १. पुनरुत्थानमा खुशियाली

**देहायका पदहरू पढ्नुहोस्। यहाँ के भयो र येशूको पुनरुत्थानको विवरण किन अति महत्त्वपूर्ण छ? हेर्नुहोस्: "४२ तयारीको दिन, अर्थात् शबाथ-दिनको अघिल्लो दिन, साँझ पर्दैथियो। ४३ महासभाका प्रतिष्ठित सदस्य अरिमाथियाका योसेफ, जसले परमेश्‍वरका राज्यको बाटो हेर्दैथिए, तिनले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे। ४४ येशू अघि नै मरिसक्नुभएको सुन्दा पिलातस छक्क परे। अनि कप्तानलाई आफूकहाँ बोलाएर उहाँको मृत्यु भएको हो कि होइन भनी सोधपूछ गरे। ४५ उहाँको मृत्यु भइसकेको कुरा कप्तानबाट थाहा पाएपछि पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए। ४६ अनि योसेफले मलमलका कपड़ा किने, र लाश तल झारेर कपड़ाले बेह्रे, अनि चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे। त्यसपछि चिहानको मुखमा तिनले एउटा ढुङ्गा राखिदिए। ४७ मरियम मग्दलिनी र योसेफकी आमा मरियमले उहाँलाई राखेको ठाउँ हेरिराखेका थिए।" मर्कूस १५:४२-४७; "१ शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने। २ साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरू चिहानमा गए। ३ अनि तिनीहरूले आपसमा भने,**

"हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला? ४ अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। ५ अनि चिहानभित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको एक जना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू आश्चर्यचकित भए। ६ तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। ७ जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।" मर्कूस १६:१-७।

तयारीको दिनमा येशू मर्नुभएको थियो भनेर सुसमाचारका पुस्तकहरू सबै लेखकहरू एकमत भएका छन् (मत्ती २७:६२; मर्कूस १५:४२; लूका २३:५४; यूहन्ना १९:१४,३१,४२)। बाइबलका व्याख्याकारहरूलाई यो थाहा छ कि यो दिन बिहिबारको घाम अस्ताएपछि शुक्रबारको घाम अस्ताउने समयसम्म। येशू शुक्रबारको अपरान्हमा मर्नुभएको थियो र घाम अस्ताउनु अघि छिटै गाडिनु भएको थियो।

साबथ दिनमा प्रभु चिहानमा विश्राम लिनुभएको थियो, साथै उहाँका सबै चेलाहरू पनि विश्राम लिएका थिए। लूका २३:५६ले त्यसलाई पुष्टि गर्दछः "परमेश्वरका आज्ञा अनुसार तिनीहरू साबथमा विश्राम लिए।"यो अचम्मको छ। येशूलाई हत्या गरेतापनि यहूदीहरूको दिमागमा चौथो आज्ञा अनुसार विश्राम लिनुपर्छ धारणा प्रति तिनीहरू जिम्मेवार भएका थिए।

शनिबार बेलुका स्त्रीहरूले मसला किने, र आइतबार बिहानै तिनीहरू चिहानमा गए। तिनीहरूको चलन अनुसार मरेको मानिसलाई गाड्न मसला लगाउने काम पूरा गर्न तिनीहरू आएका थिए। तर, येशू त त्यहाँ थिएन!

दोस्रो शताब्दीको प्रारम्भिक कालदेखि नै इसाईहरूले येशू आइतबार बौरिउठ्नुभएको महत्त्वलाई मान्यता दिएका थिए। यही नै आइतबार पवित्र हो भन्ने आधार बनेको थियो। तर नयाँ करारले त्यो त पक्कै सिकाएको होइन।

येशूको पुनरुत्थानको स्मारक के हो भनेर नयाँ करारले के जिकिर गर्दछ? हेर्नुहोस्, "८ ध्यान देओ, कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार नबनाओस्, जो ख्रीष्टकाअनुसार होइनन्, तर मानिसको परम्परा र विश्वका आधारभूत सिद्धान्तहरूमाथि अडिएका हुन्छन्। ९ किनकि

**खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ, १० र उहाँमा नै जीवनको परिपूर्णतामा तिमीहरू आइपुगेका छौ। उहाँ नै समस्त शासन र अधिकारको शिर हुनुहुन्छ। ११ खीष्टको खतनामा पापमय स्वभावको देहलाई त्यागेर हातविना गरिएको खतनाद्वारा उहाँमा तिमीहरूको खतना भएको थियो। १२ बप्तिस्मामा तिमीहरू उहाँसँग गाडिएका थियौ। मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ। १३ तिमीहरू आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो, १४ र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरूलाई (बलि प्रथा धार्मिक विधि विधान वा संस्कारहरू) क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो। १५ उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो।" कलस्सी २:८-१५।**

येशू आइतबार पुनरुत्थान हुनुभयो त्यसकारण त्यो दिनलाई पुनरुत्थानको स्मारक वा सम्झनामा साबथ जस्तै पवित्र छ भनेर बाइबलमा कतै एक शब्द पनि लेखिएको छैन। बरु त्यो स्मारक वा याद गराउन बप्तिस्माले देखाउँदछ। "३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं।" रोमी ६:३-४।

धर्मशास्त्रका विद्वान, धर्मगुरु, महान् र प्रख्यान प्रचारक र रोमन क्याथोलिक चर्च समेत अधिकाँश सम्प्रदाय वा डिनोमिनेशनहरूले आइतबार नै आराधना गर्ने गलत धर्मविज्ञान वा थियोलोजीले वकालत गरेतापनि यही दिनमा येशू पुनरुत्थान हुनुभएको थियो भनेर एडभेन्टिस्टहरू खुशियाली त मनाउनै पर्दछ। उहाँको मृत्यु र पुनरुत्थानले मृत्युमाथि येशूले विजय पाउनुभएको थियो। उहाँकोपुनरुत्थानले नै हामीलाई मुक्तिको जमानत भएको छ।

***"३ परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं। ४ स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्।***

*५ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ।" १ पत्रुस १:३-५। पावलले पनि येशूको पुनरुत्थानको बारेमा समर्थन गरेका थिए। यसमा हामी पनि कसरी निश्चित हुन सक्छौं?*

## २. चिहानबाट ढुङ्गा हटाइन्छ

देहायका पदहरूमा के समान खबर दिइएको छ? हेर्नुहोसः "१ शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा घस्नलाई किने। २ साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरू चिहानमा गए। ३ अनि तिनीहरूले आपसमा भने, "हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला? ४ अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। ५ अनि चिहानभित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको एक जना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू आश्चर्यचकित भए। ६ तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। ७ जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।" ८ तिनीहरू निस्केर चिहानबाट दौडे, किनकि डर र आश्चर्यले तिनीहरू कामिरहेका थिए। अनि तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए।" मर्कूस १६:१-८ र " १ भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचार म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरूले ग्रहण गर्‍यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ। २ यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गर्‍यौ। ३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। ६ त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्।

**७ त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। ८ सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो।" १ कोरन्थी १५:१-८।**

येशूको पुनरुत्थानको बारेमा सुसमाचारको प्रत्येक पुस्तकहरूमा पाइन्छ। सुसमाचारका प्रत्येक लेखकले आआफ्नै दृष्टिकोणबाट येशूको पुनरुत्थानको विषयमा लेखेका छन्। तर सबैमा मुख्य खबर लेखिएको छ र पावलले पनि त्यही विषय १ कोरन्थी १५:१-८मा उल्लेख गरेका छन्। येशू मर्नुभयो, गाडिनुभयो, पुनरुत्थान हुनुभयो र देखा पर्नुभयो भन्ने ती चारै खबर बारम्बार देखा पर्दछ। येशू मर्नुभयो र गाडिनुभयो भन्ने खबर मर्कूस १५मा छ। मर्कूस १६मा उहाँको पुनरुत्थान र उहाँ देखा पर्नुभयो भनेर लेखिएको छ तर अलिकति फरक दृष्टिकोणले।मर्कूस १६:७मा गालिलमा भेट्नुभएको र जहाँ तिनीहरूले उहाँलाई देख्ने छन् भनिएको छ (यूहन्ना २१ मा विस्तृत विवरण छ)।

इसाईहरूले पुनरुत्थान हुनुभएको येशूलाई किन र कसरी विश्वास गरे होलान् भनेर उहाँलाई विश्वास नगर्नेहरू छक्क पर्छन्। तर उहाँको पुनरुत्थान प्रमाणीत भएकोले त्यसलाई विश्वास गर्ने कारण भरपर्दो नै छ।

त्यस मामिलामा नयाँ व्यक्तिले पहिले त परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर विश्वास गर्नु अपरिहार्य छ (उत्पत्ति १ र २), अनि पुनरुत्थानको धारणा आश्चर्यपूर्ण देखिएतापनि तर्कयुक्त भएको पाइनेछ। सारा विश्व ब्रम्हाण्ड सृष्टि गर्नुहुने परमेश्वरले यस पृथ्वीमा जीवन दिनुभएको थियो। उहाँले रोजे येशूलाई पुनरुत्थान गर्न सक्नुहुन्छ। परमेश्वरको अस्तित्वले गर्दा येशूको पुनरुत्थान हुनुभएको थियो भन्ने कतिले विवाद त गर्ला तर उहाँको काम तर्कयुक्त र उचित त हुन्छ नै।

अर्को, चिहान त खालि नै थियो। परमेश्वरलाई विश्वास नगर्ने नास्तिक इतिहासविदहरूले पनि यस तथ्यलाई स्वीकार गरेका छन्। यदि उहाँको पुनरुत्थानका दावीलाई विश्वास गरिएन भने यस विषय स्वत खारेज हुने थियो। यदि उहाँ चिहानमै रहनुभएको भए उहाँको पुनरुत्थानको कुनै पनि दावीहरू स्वत निकम्मा हुन जान्थ्यो।

अर्को, चेलाहरूले उहाँको शरीर चोरे भन्ने काल्पनिक धारणा पनि तर्कयुक्त छैन। चेलाहरूले पहरेदारहरूलाई उछिनेर चिहान भित्र जानै सक्दैनथ्यो। यदि तिनीहरूले उहाँको शरीरलाई चोरे भने तिनीहरूलाई किन

पक्रेन त? धर्मगुरु वा यहूदी धर्मका मतियारहरूलाई थाहा थियो कि डरले थरथर कामेर लुकिरहेका चेलाहरूले येशूका शरीरलाई चोर्नै सक्दैन।

फेरि, पुनरुत्थान हुनुभएको येशूलाई देखे भनेर धेरैले साक्षी दिएका छन्। चेलाहरू समेतले पहिले त विश्वासै गर्न सकेका थिएनन्। अर्को साक्षी त इसाईहरूका एक फेरा परम शत्रु पावलले पनि पुनरुत्थान हुनुभएको येशूलाई देखेन मात्र होइन उनको जीवन नै अलोकिक तरिकाल आमूल परिवर्तन भएको थियो।

अन्तमा, अरू धेरै कारणहरू भएतापनि इसाई चर्चको उदयलाई मानिसले कसरी व्याख्या गर्न सक्छन् त? पुनरुत्थान हुनुभएको येशूलाई देखेकै कारण त्यस विश्वासमा अडिग हुने मानिसहरूले चर्चको जग बसालेका थिए। यदि येशूको पुनरुत्थान झुठो वा कपोलकल्पित हो भने त्यसको निम्ति चेला र करोडौं मानिसहरू मर्न किन तयार भए त? उहाँको मृत्यु पछि र धेरै वर्ष अघि दिएको (१ पत्रुस १:३) उहाँको पुनरुत्थानको गवाहीमा एकरूपता, तालमेल र सर्वसम्मत भएको नै उहाँको पुनरुत्थानलाई शक्तिशाली वा प्रभावकारी रूपमा प्रमाणित भएको थियो।

***येशू ख्रीष्ट पुनरुत्थान हुनुभएको प्रमाण के छ भनेर तपाईंलाई कसैले सोधे भने त्यसको जवाफ तपाईंले कसरी दिन सक्नुहुन्छ?***

## ३. चिहानमा स्त्रीहरू

"येशूको क्रूसमा छेऊमा उभिने स्त्रीहरू साबथको समय नसकञ्जले पर्खेर बसे। हप्ताको पहिलो दिन बिहानै तिनीहरू चिहानमा गए। तिनीहरूसँग बहुमूल्य सुगन्धित मसलाहरू थिए। मुक्तिदाताको पार्थिव शरीरमा लगाउन तिनीहरू त्यहाँ गएका थिए। येशू मृत्युबाट बौरिउठ्नुहुनेछ भन्ने कुरा तिनीहरूको मगजमा घुसेकै थिएन। तिनीहरूको आशाको सूर्य अस्ताएको थियो। तिनीहरूका हृदयमा कालरात्रीले अड्डा जमाएको थियो। जब तिनीहरू चिहानतिर लम्किन्दै थिए तब येशूका दयाका कामहरू र सान्त्वनाको बोलीहरूलाई याद गरेका थिए। तर "म फेरि तिमीहरूलाई भेट्नेछु" (यूहन्ना १६:२२) भन्ने उहाँको वचनलाई सम्झेकै थिएन।"–*द डिजाएर अभ एजेज्,* पृ. ७८८।

**जब ती स्त्रीहरू चिहानमा आइपुगे तब त्यहाँ के भयो र तिनीहरूको पहिलो प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, " १ शबाथ-दिन बितेपछि मरियम मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रव्य येशूको शरीरमा**

**घस्नलाई किने। २ साताको पहिलो दिनमा बिहानै घाम झुल्कँदा तिनीहरू चिहानमा गए। ३ अनि तिनीहरूले आपसमा भने, "हाम्रा निम्ति चिहानको ढोकाको ढुङ्गा कसले हटाइदेला? ४ अनि मास्तिर हेर्दा तिनीहरूले चिहानको त्यो ढुङ्गा हटाइराखेको देखे। त्यो ढुङ्गा खूब ठूलो थियो। ५ अनि चिहानभित्र पसेर तिनीहरूले सेतो वस्त्र लाएको एक जना जवान मानिसलाई दाहिनेपट्टि बसिरहेको देखे, र तिनीहरू आश्चर्यचकित भए। ६ तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो। उहाँ जीवित भई उठ्नुभएको छ। उहाँ यहाँ हुनुहुन्न। उहाँलाई राखेको ठाउँ हेर। ७ जाओ, र उहाँका चेलाहरू र पत्रुसलाई भनिदेओ कि उहाँ तिमीहरूका अगिअगि गालीलमा जाँदैहुनुहुन्छ। उहाँले तिमीहरूलाई भन्नुभएबमोजिम तिमीहरू उहाँलाई त्यहाँ देख्नेछौ।" ८ तिनीहरू निस्केर चिहानबाट दौड़े, किनकि डर र आश्चर्यले तिनीहरू कामिरहेका थिए। अनि तिनीहरूले कसैलाई केही भनेनन्, किनकि तिनीहरू डराएका थिए।" मर्कूस १६:१-८।**

मर्कूसको सुसमाचार पुस्तकको सुरुदेखि नै पाठकलाई थाहा हुन्छ कि येशू मसीह हुनुहुन्छ। तर उहाँ मसीह हुनुहुन्छ भनेर पहिला ठोकुवा गरेको मर्कूस ८:२९मा मात्रै। त्यो पत्रुसले घोषणा गरेका थिए।

मर्कूसभरी उहाँ को हुनुहुन्छ र उहाँले निको पार्नुहुँदा सबैलाई चुपचाप रहनु भनेर आदेश दिनुभएको थियो। उहाँले कुष्ट रोग लागेको मानिसलाई निको पार्नुहुँदा कसैलाई पनि नभन्नु भनेर उहाँले भन्नुभएको मर्कूस १:४४मा लेखिएको छ। मर्कूस ५:४३मा याइरस र उनका श्रीमतीलाई तिनीहरूका छोरीलाई बिउँताउनुहुँदा कसैलाई नभन्नु भन्नुभएको थियो। जब उहाँले बहिलो र लाटो केटोलाई निको पार्नुभयो तब कसैलाई नभन्नु भनेर भिडलाई अऱ्हाउनुभएको थियो (मर्कूस ७:३६)। र उहाँले उहाँका चेलाहरूलाई उहाँ मसीह हुनुहुन्छ भनेर कसैलाई नभन्नु भनेर उहाँले आदेश दिनुभएको थियो (मर्कूस ८:३०, मर्कूस ९:९)। दानिएल ९:२४-२७मा दिएका भविष्यवाणीहरू पूरा गराउन उहाँलाई समय लाग्ने भएकोले उहाँको सेवाकालभरि उहाँको बारेमा चुप लाग्नु भएको थियो भनेर हामी बुझ्न सक्छौं।

अब यस दृश्यमा, येशू पुनरुत्थान हुनुभयो र चेलाहरूलाई सुनाऊ भनेर अऱ्हाउँदा स्त्रीहरू डरले काँपेर र आश्चर्यचकित भएर चिहानबाट भागेका थिए। तिनीहरूले बाटोमा येशू पुनरुत्थान हुनुभयो भनेर कसैलाई भनेको थिएन।

तर त्यो चुप रहने समय धेरैसम्म भएन। जब मर्कूसको पुस्तकको अन्तमा हामी आइपुगेपछि उहाँको बारेमा हामी पढ्छौं त? "अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो।" मर्कूस १६:२०।

यसरी येशू को हुनुहुन्छ भनेर चुपचाप रहने समय चक्नाचुर हुन पुगेको थियो। चेलाहरूले सुसमाचार जतातातै प्रचार गरेका थिए भनेर मर्कूसको पुस्तक इतिश्री हुन्छ।

*येशूको बारेमा र उहाँले के गर्नुभयो त्यो सुनाउन हामी किन चुपचाप रहनुहुन्न? येशू र उहाँको मुक्तिको योजनाको बारेमा आज तपाईंले कसलाई सुनाउन सक्नुहुन्छ?*

## ४. मेरी र अरूकहाँ येशू देखा पर्नुहुन्छ

**येशूको पुनरुत्थानको विवरणमा अरू के थपिएकाछन्? हेर्नुहोस्, " ९ हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। तिनीबाट येशूले सात वटा भूतहरू निकाल्नुभएको थियो। १० मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए। ११ तर जब येशू जीवित हुनुभयो र मरियमकहाँ देखा पर्नुभयो भन्ने कुरा तिनीहरूले सुने, तब तिनीहरूले पत्याएनन्। १२ त्यसपछि दुई चेलाहरू गाउँतिर गइरहेको बेला तिनीहरूकहाँ उहाँ अर्को रूपमा देखा पर्नुभयो। १३ अनि तिनीहरू फर्केर गई अरूहरूलाई बताए। तर तिनीहरूले उनीहरूलाई पनि विश्वास गरेनन्। १४ पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्। १५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। १६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ। १७ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्– मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, १८ तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको**

**हुनेछन्। १९ तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। २० अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो।" मर्कूस १६:९-२०।**

मर्कूस १६:९-२०को विवरण नयाँ करारको अरू पुस्तकहरूमा केही मात्रामा देखा परेको छ। मेरी मग्दलिनी चिहानमा येशूलाई देखेकी (मत्ती २८:१,९,१०; यूहन्ना २०:११-१८; लूका ८:२); दुई जना मानिसहरूले उहाँलाई गाउँमा देखेका (लूका २४:१३-३५); एघार जनालाई सुसमाचार सुनाउन दिएको आदेश (मत्ती २८:१६-२०, लूका २४:३६-४९, यूहन्ना २०:१९-२३)।

येशू जीवित रहनु भएको हेर्न सौभाग्य पाएकी पहिलो व्यक्ति मेरी मग्दलिनी थिइन् (यूहन्ना २०:११-१८)। अरू स्त्रीहरूले पनि उहाँलाई देखेका थिए (मत्ती २८:८-१०)। पुनरुत्थान हुनुभएको येशूलाई देख्ने पहिलो समूह नै स्त्री थिए। यसलाई महत्त्वपूर्णको रूपमा लिनुपर्छ। पौराणिक संसारमा स्त्रीहरूको साक्षीलाई त्यत्तिको मान्यता दिँदैनथ्यो। यदि कथालाई सुनाउनै पर्छ भने पुरुषहरू नै पहिलो साक्षी भएको कहानी बनाएर सुनाउँथ्यो। तर यहाँ पुरुषहरू होइन, न त एघार चेलाहरू तर स्त्रीले येशूको पुनरुत्थानको गवाही दिएकी थिइन्। उनले चेलाहरूलाई शुभ समाचार सुनाउँछिन्, तर अचम्म त थिएन, तिनीहरूले यो केटी मान्छेको कुरा भनेर पत्याएनन्। यो समाचार अत्यन्तै अनौठो र अद्‌भुत भएको देखिन्थ्यो। दुर्भाग्यवस, त्यो सन्देश सुनाउने स्त्री थिइन्।

येशूको पुनरुत्थानको बारेमा समर्थन गर्नेहरूले स्त्रीहरूले येशूलाई पहिला देखेको खबर प्रभावकारी सत्यता भएको प्रमाणित गर्दछन्।

**यदि स्त्रीले ल्याएको खबर कपोलकल्पित भएको भए मर्कूस १६:१४को किन अर्थ लाग्दैन? हेर्नुहोस्,"पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्।"**

यदि स्त्रीहरूले ल्याएको खबर कपोलकल्पित भएको भए ती चेलाहरू किन आफूहरूलाई नराम्रो ठानिरहेका थिए? येशूले तिनीहरूलाई तिनीहरूको पत्थरको हृदय भएको भनेर हप्काउनुभएको थियो। येशूलाई पक्रेको समयदेखि

उहाँको पुनरुत्थानको समयसम्म येशूका चेलाहरूलाई नकारात्मक रूपमा चित्रण गरिएको छः तिनीहरू भागाभाग भएका, उहाँलाई अस्वीकार गरेका, विश्वास नगरेका आदि। यदि येशूको कथा कपोलकल्पित थियो भने ती विवरणहरूको कुनै अर्थ लाग्दैन।

त्यसको विपरित पछि तिनीहरू निडर भएर नडगमगाइकन पुनरुत्थान भएको येशूको बारेमा प्रचार गरेका थिए। जुन जोशले येशू संसारको आशा हुनुहुन्छ भनेर प्रस्तुत गरे त्यो नै उहाँको पुनरुत्थानको दावी जल्दोबल्दो रूपमा प्रमाणित भएको देखिन्छ।

*आत्मिक वा अध्यात्मिक शङ्का र अविश्वासको धरापबाट हामी सुरक्षित हुन हामी के गर्नुपर्छ? दिनदिनै जीवित येशूसँग हाम्रो सम्बन्ध किन गाँसिरहनुपर्दछ?*

## ५. सारा विश्वमा जाऊ

**जब येशू चेलाहरूकहाँ देखा परे तब उहाँले तिनीहरूलाई के भन्नुभयो र हाम्रो निम्ति त्यसको उपादेयिता के हो वा के हामीलाई पनि लागु हुन्छ त? हेर्नुहोस्ः " १४ पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्। १५ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। १६ विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ। १७ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्– मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, १८ तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्। १९ तब यसरी तिनीहरूसँग बोलिसक्नुभएपछि प्रभु येशू स्वर्गारोहण हुनुभयो, र परमेश्‌वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। २० अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो। आमेन।]" मर्कूस १६:१४-२०।**

येशूले चेलाहरूलाई भेट्नुभएपछि तिनीहरूलाई हप्काउनुभएको थियो भनेर मर्कूस १६:१४मा लेखिएको छ। तिनीहरूको अविश्वास र कडा हृदय

भएकोले उहाँ तिनीहरूमाथि आपत्ति जनाउनुभएको थियो। येशूलाई विश्वास नगर्ने प्रवृत्ति आधुनिक जगतको समस्या मात्र होइन। सुरुका चेलाहरूले पनि अविश्वाससँग संघर्ष गरेका थिए (मत्ती २८:१७, यूहन्ना २०:२४-२९)। तिनीहरू येशूसँग रहेका थिए, उहाँलाई भौतिक रूपमै देखेका थिए, उहाँसँग रहनसहन गरेका थिए र बारम्बार उहाँका अलौकिक कामहरू देखेका थिए।

आफू पुनरुत्थान भएको हो भन्ने वास्तविकतालाई उहाँले विभिन्न तरिकाले प्रमाण दिनुभयो। अनि तिनीहरूको व्यक्तिगत गवाहीसँग मिलाउँदा येशू प्रतिको आस्थामा बलियो जग बसालिएको थियो।

सारा संसारमा सुसमाचार फैलाउने आज्ञा येशूले उहाँका चेलाहरूलाई दिनुभयो। उहाँको आज्ञामा सारा मानिस अटिएको छ। तिनीहरू संसारको सबै कुना काप्चामा गएर सुसमाचार सुनाउनु पर्थ्यो। तिनीहरूको कामको नतिजा के हुनेछ अर्थात् तिनीहरूले उद्धार पाउनेछन् र विश्वास नगर्नेहरू दोषी ठहरिनेछन् भनेर उहाँले ठोकुवा गर्नुभएको थियो।

चेलाहरूले के के गर्नेछन् भनेर पनि येशूले सुनाउनुभएको थियो। तिनीहरूले दुष्ट आत्माहरूलाई मानिसहरूबाट निकाल्नेछन्, नयाँ भाषाहरू बोल्नेछन्, हानीदेखि सुरक्षित हुनेछन् र बिरामीहरूलाई निको पार्नेछन्। कतिपयले आफ्नो इसाई आस्था देखाउन विषालु सर्पहरू टिपेको पनि पाइन्छ, त्यो येशूको वचनको गलत व्याख्या थियो। आफ्नो विश्वास देखाउन कुनै पनि फूर्ति वा अहं देखाउन वा परमेश्वरलाई परिक्षा गर्ने काम गर्न इजाजत दिएको छैन। जसरी अरूहरूको सेवामा लाग्दा पावलले खेपेको जस्तै खतराहरूबाट जोगिनेछ भनेर येशूले बुझाउन खोज्नुभएको थियो। हेर्नुहोस्, पावलको अनुभव प्रेरित २८:३-६।

यो पनि सत्य छ कि येशूको लक्षमा हिँड्नेहरू जहिले पनि सुरक्षित हुन्छन् भनेर बाइबलले सिकाउँदैन। सुसमाचार विस्तारको निम्ति आश्चर्य कामको आवश्यकता भएर त्यही अनुसार परमेश्वरले गर्नुहुन्छ। तर कतिपय समयमा येशूभक्तहरू तिनीहरूको गवाहीको कारण दुःख, कष्ट, परीक्षा र यातना भोग्दछन्। ती प्रतिकूल परिस्थितिमा तिनीहरू सहेर बस्न सक्यो भने अविश्वासीहरूको निम्ति त्यो विश्वासको शक्ति भएको देखाउँछ।

आफ्नो भनाइ सकेपछि उहाँ आकाशमा उत्रनुभयो र परमेश्वरको दाहिने हातमा बस्नुभयो (मर्कूस १६:१९)। येशू परमेश्वरको दाहिने हातमा

रहन स्वर्गमा जानुभयो। यो सर्वोच्च शक्तिको स्थान थियो। येशूले दुष्ट वा सैतानका सबै शक्तिहरूलाई जित्नुभएको थियो।

अन्तिम पद हेर्नुहोस तिनीहरू "अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो। आमेन।]" मर्कूस १६:२०। यो महसुस गर्न जरुरी छ कि तिनीहरू एक्लैले सुमाचार प्रचारको काम गरेनन्। प्रभु तिनीहरूको साथमा थिए। आज पनि हाम्रो काममा निरन्तरता दिन उहाँ हाम्रो साथमा हुनेछ भनेर उहाँले हामीलाई बाचा गर्नुभएको छ।

***उहाँको प्रतिज्ञा छ "हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:२०। जब हामी जताततै सुसमाचार प्रचार गर्छौं येशूको त्यो वचनबाट हामी कस्तो उत्साह र सान्त्वना पाउन सक्छौं?***

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. ७७९-७८७ र पृ. ८१८-८२८को "द लर्ड इज रिजन" र "गो टिच अल द नेशनस्।"**

"येशूलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार्ने र विश्वास गर्नेको निम्ति उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ। पापले गर्दा गुमाएको असली र अनन्त जीवन येशूद्वारा पुनर्स्थापित भएको छ; उहाँ आफैमा जीवन भएकोले उहाँले चाहनुभएकोलाई जीवन दिनुभएर पुनर्जीवन दिनुहुन्छ र जगाउनुहुन्छ। अनन्त जीवन दिने अधिकार उहाँले आफूलाई नै लगानी गर्नुभएको छ। मानव जीवनको निम्ति आफ्नो जीवन त्याग्नुभएको थियो तर त्यो फेरि उहाँले लिनुभएको छ ताकि मानिसलाई उहाँले जीवन दिन सकून्। उहाँले यो भन्नुभयो, 'म आएँ ताकि तिनीहरूमा जीवन होस्। त्यो जीवन आँशिक नभएर अझ धेरै प्रशस्त वा प्रचुर मात्रामा होस्।'जसले मैले दिने जीवनको पानी पिउँछ ऊ कहिल्यै पनि तिर्खाउनेछैन; जुन पानी म जसलाई दिन्छु त्यो पानी मुहान भएर अनन्त जीवनको स्रोत हुनेछ।' 'जसले मेरो शरीरलाई खान्छ र मेरो रगत पिउँछ उसले अनन्त जीवन पाउनेछ; र अन्तिम दिनमा म उसलाई जीवित पार्नेछु।' यूहन्ना १०:१०, ४:१४, ६:५४।

"येशूभक्तको निम्ति मृत्यु केवल सानो कुरो हो। यो क्षणिक हो भनेर येशूले बताउनुहुन्छ। 'यदि कसैले मेरा वचनहरू पालन गर्छ भने उसले मृत्यु कहिल्यै पनि देख्नेछैन।' 'उसले मृत्युलाई कहिल्यै चाख्नेछैन।' येशूभक्तको

निम्ति मृत्यु केवल निन्द्रा हो (चिर निन्द्रा भनिन्दैन), यो अन्धकार र मौनताको क्षण मात्र हो। परमेश्वरमा हुनुभएको ख्रीष्टमा येशूभक्तको जीवन लुकिएको हुन्छ र 'जब हाम्रो जीवन येशू देखा पर्नुहुनेछ तब हामी पनि उहाँको महिमामा देखा पर्नेछौं।' यूहन्ना ८:५१,५२; कलस्सी ३:४।"-द डिजाएर अभ एजेज, पृ. ७८६,७८७।

येशूलाई विश्वास नगर्ने र पुनरुत्थानका वास्तविकतामा विश्वास नगर्ने नास्तिक इतिहासकारहरूले येशू मारिनुभएको थियो भनेर स्वीकार गर्दछन्। उहाँको पुनरुत्थान पछि धेरैले उहाँले देखे भनेर दावी गरेको र त्यसको फलस्वरूप सानै झुण्डबाट इसाई चर्च स्थापना भएको भनेर आफ्ना इतिहासका पुस्तकहरूमा लेख्दछन्। तर कतिले त येशूको जुम्ल्याहा भाइ थिए भनेर विश्वास गर्छन् र चेलाहरू लठ्ठ परेकाले तिनीहरूलाई येशूलाई देखे भनेर सोच्दछन् रे! कतिले त येशू कहिल्यै पनि मर्नुभएको थिएन तर अचेत मात्र हुनुभएको थियो र पछि जाग्नुभएको थियो भनेर मिथ्या प्रचार गर्छन्। अन्तरिक्षबाट जीवहरू आएर उहाँको शरीरलाई लिएर गए भनेर पनि दावी गर्छन्। ती सबै विवादहरूको आधार कुनै छैन न त स्वीकार्य नै छ न त कामै दिन्छ। यसबारे क्लिफोर्ड गोल्डस्टाइनको, "रिजनः फाइन्डिङ्ग होप इन द एम्प्ति टुम्ब (पासिफिक,२०२१) उपयुक्त छ।

**चिन्तनमननः**

अ. **येशूको पुनरुत्थानको बारेमा चेलाहरूले किन झुठो प्रचार गर्थे होलान्? येशूका चेलाहरू भएकोले तिनीहरूले धेरैबाट घृणा, बहिष्कार र यातना सहनुपरेको थियो। येशूको कथालाई बनाएर तिनीहरूलाई के फाइदा हुन्थ्यो होला?**

आ. **येशूको पुनरुत्थानको प्रमाण तपाईंको निम्ति कुन चित्तबुझ्दो छ?**

इ. **येशूको पुनरुत्थानले हामीलाई दिइने महान आशाको बारेमा अझ धेरै चिन्तनमनन गर्नुहोस्। १ कोरन्थी १५ पढ्नुहोस्। पावलको निम्ति येशूको पुनरुत्थान कतिको महत्त्व थियो?**

## कथा १३
## फोहर मैलाको थुप्रोमा बनेको चर्च

पुर्णले असम्भव कामको सामना गर्नु पर्ने भएको थियो। दक्षिण एशियाको ठुलो सहरमा चर्च स्थापना गर्न उनले स्वेच्छाले निर्णय गरेका थिए। तर कहाँबाट सुरु गर्ने उनलाई थाहै भएन। उनी ग्लोबल मिसन पायोनियर हुने निर्णय गरेकोले उनलाई एउटा जिल्लामा स्वयंमसेवक रूपमा खटाइएको थियो। तर येशूलाई विश्वास नगर्ने छरछिमेकीहरूलाई ख्रीष्टको प्रेम कसरी बाँड्ने त्यो उनको निम्ति भारी समस्या भइरहेको थियो। "प्रभु, मलाई सहायता गर्नुहोस्," उनले प्रार्थना गरे।

पुर्णले एक हप्त"सम्म प्रार्थना गरे। तरैपनि कहाँबाट सुरु गर्ने उनलाई थाहा भएन। तर एउटा कुरो उनलाई थाहा थियो कि उनको घरको अगाडि भएको फोहर मैलाको थुप्रोबाट निस्केको गन्ध मन परेन। फोहरमैलाको थुप्रोले रोकेकोले वर्षाको फोहर पानी आफू बसेको घरको बाटोमा बगिरहेको थियो। उनले केही गर्ने निर्णय गरे। उनले लामो बाँस लिए र नालीमा थुप्रिएको फोहर मैलालाई हटाउन थाले। जब उनले काम गरिरहेका थिए तब छिमेकीहरूले देखे। एक जनाले उनलाई सोधे, "के तपाईंलाई नगर पालिकाले बाटो सफा गर्न खटाएको हो?" आफूलाई नगर पालिकाले खटाएको होइन तर स्वेच्छाले बाटो सफा गर्न लागेको हुँ भनेर उनले जवाफ दिए। नगर पालिकाका मानिसहरूले बाहेक अरू कसैले बाटो सफा गरेको थिएन। "तपाईं भलादमी हुनुहुँदो रहेछ। हामीलाई तपाईं जस्तो मानिस चाहिन्छ," एक जनाले भन्यो। "तपाईं यस ठाउँलाई नछोड्नुहोस्," अर्कोले भन्यो।

जब उनले बाटो सफा गरे तब उनी त स्थानीय मानिसहरूको बिचमा प्रख्यात भए। सबैले उनको बारेमा चर्चा गर्न थाले। कतिले उनलाई घरमा खान पनि बोलाउन थाले।

जब उनले छिमेकीहरूसँग चिनाजान गर्न थाले तब एक जना बायाँपत्ति पक्षपात भएको मानिसको बारेमा थाहा पाए। पुर्ण मसाज गर्न तालिम लिएका थिए। उसलाई आफूले सहयोग गर्न सक्छु कि भनेर पुर्णले सोधे। बिरामीले सहमति जनाए। उनले बिरामीलाई मसाज गर्द थाले। जहिले जहिले उनी बिरामीकहाँ मसाज गर्न जान्थे तब उनले प्रार्थना गर्दथे। त्यो मानिस पूरै निको भयो।

त्यो बिरामी स्वस्थ भएकोले छिमेकीहरू छक्क परे। "तपाईंलाई कसले निको पारे?" भनेर तिनीहरूले  बिरामीलाई सोधे।

"ओ, हाम्रो बाटो सफा गर्ने असल मानिसले तपाईंलाई निको पार्नुभएको रहेछ" भनेर एक जनाले भन्यो।
अब छिमेकीहरूले पुर्णको बारेमा जान्न चाहे। तिनीहरूले प्रार्थना र मसाजहरूको बारेमा पुर्णसँग सोधपूछ गर्न थाले।

आज पुर्णले असम्भव काम पूरा गरेका थिए। उनले चर्च स्थापना गरे। एघ्घार जनाले बप्तिस्मा लिए र अरू २० जनाले बाइबल अध्ययन गर्दैछन्। "परमेश्वरसँग मेरो निम्ति प्रार्थना गरिदिनुहोस् ताकि म उहाँको अझ धेरै सेवा गर्न सकूँ। आज पनि म बाटो सफा गर्दैछु। यदि नालीमा फोहर जम्यो भने म सफा गर्छु," यस लेखकलाई पुर्णले सुनाए।